डिभिजन वन कार्यालय, इलाम

इजलास

डिभिजनल वन अधिकृत वीरेन्द्र साह

**फैसला**

मुद्दा नं. ०१/०८२/०८३

निर्णय नं. १

वन अधिकृत राजु खड्का समेतको प्रतिवेदनले नेपाल सरकार..............................१ वादी

**विरुद्ध**

जिल्ला इलाम माङसेबुङ गा.पा. वडा नं -६, रक्से वस्ने वर्ष ३८ को दिपेन्द्र कुमार राई.......................................................................................१

जिल्ला धनुषा चारनाथ न.पा. वडा नं. ५ गोदार स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं.२ आम्दा बस्ने बस्ने वर्ष ४८ का श्याम बाबु सहनी............१ प्रतिवादी

जिल्ला झापा दमक न.पा. वडा नं -८, वस्ने वर्ष ५५ को सुनिल श्रेष्ठ ..................१

**मुद्दाः- विना ईजाजत वन पैदावार (चिलाउने समेत जातको) कटान, संकलन तथा ओसार पसार गरेको गरेको।**

**वादीको साक्षीः** जाहेरी प्रतिवेदन र घटना विवरण कागजमा उल्लेखित मानिसहरु

**प्रतिवादीको साक्षीः** ×

**प्रमाणः** ×

**प्रमाणः** ट्रक विक्री सम्वन्धी घरायसी कागज

**कार्यालयबाट बुझेको**

साक्षीः बरामदी मुचुल्का कागज गर्नेः हरी राई, घटना विवरण कागज गर्नेः कमल बहादुर कार्की, प्रतिवेदकः राजु खड्का, लाल बहादुर थापा।

प्रमाणः ×

वन ऐन, २०७६ को दफा ६७ (१) बमोजिम यस डिभिजन वन कार्यालयको क्षेत्रधिकार भित्र रहेको प्रस्तुत मुद्धा को संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

**तथ्य खण्ड**

१. **केशको व्यहोराः-** जिल्ला धनुषा चारनाथ न.पा. वडा नं. ५ गोदार स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं.२ आम्दा बस्ने बस्ने वर्ष ५३ का अछे सहनी मलाहको छोरा श्याम

बाबु सहनी भएको विना ईजाजत वन पैदावार (चिलाउने समेत जातको) कटान, संकलन तथा ओसार पसार कसुरमा मिति २०८२।१२।२० गते गोप्य सुचानाको आधारमा खोजतलास गर्दै जाँदा श्री माङ्सेबुङ सव- डिभिजन वन कार्यालय चतुरे, ईलामका कर्मचारीहरु र प्रहरी चौकी इभाङका कर्मचारीहरुले ईलाम जिल्ला माङ्सेबुङ गा.पा. वडा नं.२ ,स्थित पूर्वः तामाखोला, पश्चिमः पावाँ खोल्सा, उत्तरः पावाँ गाउँ र दक्षिणः तामा खोला यति चार किल्ला भित्रको ऐलानी वन क्षेत्रबाट मिति २०८२।१२।२२ गतेका दिन कु-काठ चिलाउने, मलातो, उत्तिस लगाएतका रुखहरु कटान मुछान गरी गोलिया काठहरु, निलो ट्रक नं. ना ३ ख ६७७ मा लोठ गर्दैगर्दाको अवस्थामा पक्राउ गरी वरामदी मुचुल्कामा उल्लेख भए वमोजिमका टाँचा निशान नलागेका तपशिलमा उल्लेखित जात र नाप साइजका गोलिया काठ थान २७५ को ४२२.३२ क्यू. फिट काठ सहित निलो रङ्गको ना ३ ख ६७७ नं. को ट्रक र चालक जिल्ला धनुषा चारनाथ न.पा. वडा नं. ५ गोदार स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं.२ आम्दा बस्ने बस्ने वर्ष ५३ का अछे सहनी मलाहको छोरा श्याम बाबु सहनी सहित नियन्त्रणमा लिई आवश्यक कारबाहीका लागि मिति २०८२/१२/२२ गते माङ्सेबुङ सव- डिभिजन वन कार्यालयका वन अधिकृत राजु खड्का समेतका कर्मचारीहरूले मिति २०८२।१२।२२ गतेका दिन जाहेरी प्रतिवेदन पेश गरेको।

२. <u>बरामदी/खानतलासी मुचुल्काः-</u> श्री माङसेबुङ सव- डिभिजन वन कार्यालय चतुरे, ईलामका कर्मचारीहरु र प्रहरी चौकी इभाङका कर्मचारीहरुले ईलाम जिल्ला माङ्सेबुङ गा.पा. बडा नं.२ ,स्थित पूर्वः तामाखोला, पश्चिमः पावाँ खोल्सा, उत्तरः पावाँ गाउँ र दक्षिणः तामा खोला यति चार किल्ला भित्रको ऐलानी वन क्षेत्रबाट कु-काठ चिलाउने, मलातो, उत्तिस लगाएतका रुखहरु कटान मुछान गरी ना ३ ख ६७७ नम्बरको ट्रकमा बिभिन्न जातका गोलिया थान २७५ को परिमाण ४२२.३२ क्यु.फि. मध्ये गोलिया काठ थान-२८ को परिमाण २७.६० क्यु.फि. काठ अवैध रुपमा लोड गरिरहेको अवस्थामा नियन्त्रणमा लिई गोलिया थान २७५ को परिमाण ४२२.३२ काठ तथा ट्रक समेत बरामद गरी सो ना ३ ख ६७७ नम्बरको ट्रकका चालक जिल्ला धनुषा चारनाथ न.पा. वडा नं. ५ गोदार स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. वडा नं.२ आम्दा बस्ने बस्ने वर्ष ५३ का अछे सहनी मलाहको छोरा श्याम बाबु सहनी समेत माङसेवुङगाउँ पालिका वडा नं. २ का वडा अध्यक्ष कृष्ण वहादुर वस्नेत, प्रहरी चौकी ईभाङका प्र.ह. चन्द्र वहादुर तामाङ समेतले मिति २०८२।१२।२२ गतेका दिन गरिदिएको बरामदी मुचुल्का रहेको।

३. <u>दशी सामानको भरपाईः-</u>बरामद भएको चिलाउने समेत विभिन्न जातको गोलिया थान २७५ को परिमाण ४२२.३२ क्यु.फि. काठ तथा ना ३ ख ६७७ नम्बरको ट्रक थान-१(एक) माङसेबुङ सव डिभिजन वन कार्यालयका वन रक्षक श्री लाल बहादुर थापालाई सुरक्षित राख्न गरिएको मिति २०८२/१२/२२ को भरपाई ।

४. <u>प्रतिवादी श्याम बाबु सहनीले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः</u>- इलाम जिल्ला, माङसेबुङ गा.पा. वडा नं. २ स्थित पुर्वमा तामा खोला , पश्चिममा पावा खोल्सा, उत्तरमा पावा गाउँ र दक्षिणमा तामा खोला यति चार किल्ला भित्रको तामा खोला भन्ने ठाउँमा चिलाउने उत्तिस कटुस समेत बिभिन्न जातको गोलिया लोड गरिरहेको अवस्थामा माङसेबुङ र चुलाचुली सव डिभिजन वन

कार्यालयका कर्मचारीशरुले फेला पारी मिति २०८२/१२/२२ नियन्त्रमा लिई पक्राउ गरेको हो। म एक ट्रक चालक र सवारी साधन धनि समेत हु । यो गोलिया मैले काटेको होइन म ढुवानी व्यवसाय गर्ने मान्छे हुँ मलाइ माङसेबुङ गा.पा. वडा नं. ६ इलाम (साविक बाँझो ६ इलाम) बस्ने दिपेन्द्र कुमार राईले मेरो गोलिया लोड गरि लगि दिनुहोला भन्यो र मैले लोड गराएको हो। २८ थान गोलिया लोड गरिरहेको अवस्थामा वन कर्मचारीहरुले टाँचा नलागेको हो भनेकोले लोड गर्न रोकेको हु ।मलाइ लोड गर्न लगाउने निज दिपेन्द्र कुमार राईको नागरिकता परिचय पत्र खुल्ने कागज म सँग छ सो प्रमाणपत्र समेत उपलब्ध गराउन सक्छु ।मेरो ट्रकमा दुई जना केटाले लोड गरी रहेको थिए र वनको मानिसहरु आए पछि भागे ।म उनीहरुलाई चिन्दिन । लोड भएको काठ के कस्तो क्षेत्रबाट काठ कटान भएको हो यस विषयमा मलाई थाहा भएन । मैले लोड गरेको काठ चिलाउने मलातो कटुस उतिसहरु २८ थान लोड भएको थियो ।सधै गोलिया काठहरु विर्तामोड लाने गरेकोले मैले सोधिन र कहाँ लाने हो ईजाजत थियो थिएन मलाइ थाहा भएन।मलाइ लोड मात्र गर्नु भनेको थियो।लोड भए पछि मात्र सोधने गरेको थियो ।मैले लोड मात्र गरेको हो ।टाँचा लागेको वा नलागेको हो, कागजातको वारेमा केही थाहा भएन। म गाडी चलाएर गरि खाने मान्छे हुँ । मेरो सम्पुर्ण सम्पति भनेको नै त्यही ट्रक हो अरु आय आर्जनको स्रोत छैन । मैले ट्रक फिर्ता पाउनु पर्यो । मलाई यसमा अरु केही भन्नु छैन ।थोरै काठ ओसार पसार गर्न कुनै अनुमति कागज लिनु पर्छ भन्ने लागेन । म यो भन्दा पहिला कुनै वन तथा फौजदारी मुद्दामा परेको छैन । मैले अन्जानमा गरेको हो, तस्करी गरेको छैन । मलाई नियम कानुन खासै थाहा छैन ।म पढेको पनि छैन । अव देखि यस्तो कार्य गर्ने छैन ।मेरो घरमा सानो छोरी छन । श्रीमती छैन ।यहावाट छिटो निस्कन पाउँ ।

५. **प्रतिवादी दिपेन्द्र कुमार राईले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः-** इलाम जिल्ला, माङसेबुङ गा.पा. वडा नं. २ स्थित पुर्वमा तामा खोला , पश्चिममा पावा खोल्सा, उत्तरमा पावा गाउँ र दक्षिणमा तामा खोला यति चार किल्ला भित्रको तामा खोला भन्ने ठाउँमा चिलाउने उत्तिस कटुस समेत बिभिन्न जातको गोलिया काठ कटान, संकलन तथा लोड गराएको हुँदा मलाई माङसेबुङ सव डिभिजन वन कार्यालयका कर्मचारीहररुले मिति २०८३/०१/०८ गते नियन्त्रमा लिई पक्राउ गरेकोले हो ।बरामद भएको ट्रकका चालक श्याम बाबु सहनी हो । निजलाई मैले नै भनेर उक्त काठहरु लोड तथा ढुवानी गर्न लगाएको हुँ । इलाम जिल्ला, माङसेबुङ गा.पा. वडा नं. २ स्थित पुर्वमा तामा खोला, पश्चिममा पावा खोल्सा, उत्तरमा पावा गाउँ र दक्षिणमा तामा खोला यति चार किल्ला भित्रको माङमालुङ राष्ट्रिय वनको छेउमा रहेको तामा खोला भन्ने स्थानमा कटान गरेको हो । तर उक्त जग्गाको प्रमाणपुर्जा केही छैन । के कति परिमाणमा रुख कटान गरियो एकिन छैन, ठुटा बरामदी मुचुल्कामा उल्लेखित बमोजिम नै होला । उक्त ऐलानी जग्गाको छेउमा हाम्रो जग्गा रहेकोले कटान गरेको हो । उक्त जग्गा ऐलानी हो वा राष्ट्रिय वन क्षेत्र के हो एकिन भन्न सक्दिन । काठ कटान, संकलन तथा लोड गर्ने प्रमाण कागज केही थिएन । केही राम्रो काठहरु दमक झापा तिर बेचबिखन गर्न तथा अन्य काठहरु डेरी फर्ममा प्रयोग गर्नको लागि कटान गरेको हो । मैले ट्रक चालकलाई काठ सम्वन्धी कागजात छ भनेको थिए तर कागजात थिएन ।आधार प्रमाण नभएको जग्गामा काठ कटान, संकलन तथा ओसार पसार गर्नुहुदैन भन्ने थाहा थियो । गल्ती भयो अब

उप्रान्त यस्तो कार्य गर्ने छैन । उक्त ठाउँको रुख कटान, ढुवानी कार्यमा म बाहेक कसैको मिलेमतो, संलग्नता रहेको छैन। मैले नै उक्त कार्य गरेको हो ।मैले मजदुर लगाएर उक्त काठ कटान, ढुवानी र लोड गराएको हुँ, निजहरु बाहिरी जिल्लाहरुबाट आएका हुनाले तिनीहरुको परिचय थाहा छैन । म यो भन्दा पहिला कुनै वन तथा फौजदारी मुद्दामा परेको छैन ।मैले विना इजाजत विना टाँचा निस्सा रुख कटान तथा ओसारपसार गर्न खोजेको हो । म बाट गल्ती भएकै हो प्रचलित ऐन कानुन बमोजिम सजाय भोग्न तयार रहेको छु भनि कसुर स्वीकार गरी अनुसन्धान अधिकृत समक्ष साविती बयान गरेको देखिन्छ ।

६. **प्रतिवादी सुनिल श्रेष्ठ ले अनुसन्धान अधिकारी समक्ष गरेको बयानः-** धनुषा जिल्ला चारनाथ न.पा. ५ गोदार स्थायी ठेगाना भई हाल झापा जिल्ला दमक न.पा. २ बस्ने वर्ष ५३ का श्याम माझी भन्ने श्याम बाबु सहनीसमेत भएको विना ईजाजत वन पैदावार (चिलाउनेसमेत जातको गोलिया काठ) कटान तथा ओसार पसार गरेको मुद्दामा ना.३ ख ६७७ नम्वरको ट्रकमा काठ लोडगर्ने क्रममा काठ सहित पक्राउ परेको विपयमा वन बाट पत्र आएको छ भनी श्याम बाबु सहनीले भने पछि थाहा पाए । ना.३ ख ६७७ नम्वरको ट्रक यातायात व्यवस्थापन कार्यलय वीरगजं, पर्साको च.नं. २०९९ मिति २०८३।०१।१७ को पत्रवाट मेरो नाममा देखिएको हुनाले कानुनी रुपमा ना.३ ख ६७७ नम्वरको ट्रक मेरो नाममा छ।मैले मिति २०७५ साल फागुन २३ गते धनुषा जिल्ला गोदार ४ स्थायी वस्ने छोटीलाल सहनी को नाती, अछे सहनी मलाहाको छोरा श्री श्याम वाबु सहनी लाई सम्पूर्ण जिम्मा निजकै रहने गरी कागज गरीदिएको हो । यसमा मेरो केही मिलेमतो छैन । मैले ना.३ ख ६७७ नम्वरको ट्रक निजलाई रु. १०,५१,०००।-मा विक्री गरी नगद रु ७,५१,००० ( अक्षरुपी सात लाख एक्काउन हजार रुपया मात्र ) बुझी लिइ वाकी रकम ३,००,००० (अक्षरुपी तीन लाख रुपया मात्र ) शर्त वमोजिम पाउँन बाकी रहेको र निजले रकम दिने कुरा लामो समय देखी ताकेता गर्दा पनि आलटाल गरेको हुदा पाँस नभएको हो ।लामो समय श्याम बाबु सहनी सँग भेट नभएको हुदा भेटी यस विषयमा निर्णय लिन नसकिएको हो । ना.३ ख ६७७ नम्वरको ट्रक जफत भएमा मेरो दावी छैन। श्याम बाबु सहनी लाई सम्पूर्ण जिम्मा निजकै रहने गरी दिएको हो। श्याम वाबु सहनी लाई ना.३ ख ६७७ नम्वरको ट्रक निशेधित प्रतिवन्धित सामान ढुवानी गरे सम्पूर्ण जिम्मा निजकै रहने भनी कागज गरेको हुदाँ बाँकी कुरा मलाई थाहा भएन। मैले समयमा नै ट्रक नामसारी गर्नु पर्ने रहेछ ।समस्या पर्छ भनी थाहा भएन । मलाई यसमा अरु केही भन्नु छैन भनी लेखि लेखाएको वयान रहेछ ।

७. **<u>घटना विवरण कागजको संक्षिप्त व्यहोराः-</u>** सत्य साँचो व्यहोरा यो छ कि, मेरो सत्य साँचो व्यहोरा यो छ कि, इलाम जिल्ला माङसेवुङ गा.पा. वडा नं. २, तामा खोलामा मिति २०८२/१२/२२ गते दिनको माङसेवुङ सव- डिभिजन वन कार्यालय माङसेबुङका कर्मचारी र प्रहरी चौकी इभाङकाहरू समेतको संयुक्त गस्तीका क्रममा ऐलानी जग्गाबाट चिलाउने, मलातो, उत्तिस लगाएत जातका रुखहरु कटान मुछान गरी गोलिया कांठहरु निलो ट्रक नं. ना ३ ख ६७७ मा लोठ गर्दैगर्दाको अवस्थामा वरामदी काठ, र लोड गरिरहेको अवस्थामा श्याम बाबु सहनीलाई नियन्त्रणमा लिई आवश्यक कारबाहिका लागि माङसेवुङ सव- डिभिजन वन कार्यालय माङसेबुङ लगेको हो । उक्त चार किल्ला भित्रको क्षेत्र ऐलानी वा आवादी के हो मलाई थाहा भएन । निज ईलाम जिल्ला

माङसेबुङ गा.पा. वडा नं -६, रक्से वस्ने वर्ष ३८ को दिपेन्द्र कुमार राईले गोलिया काठ र दाउराको लागी काटेको भन्ने सुनेको हु । बरामद भएको काठमा कुनै आधिकारीक टाँचा निस्सा वा संकेत नलागेको भन्ने सुनेको छु , भनि मिति २०८३/०१/१३ मा टेक बहादुर कार्की , धन वहादुर राई कमल बहादुर कार्की, अतित योङ्हाङ्ग, केन्द्र बहादुर कार्कीले एकै मिलान बेहोराको मिल्दोजुल्दो छुट्टाछुट्टै घटना विवरण कागज रहेछ।

८. **वन पैदावारको स्रोतः-** बरामद भएको चिलाउने समेत विभिन्न जातका गोलिया थान २७५ को परिमाण ४२२.३२ क्यु.फि. काठको श्रोतका सन्दर्भमा प्रतिवादी दिपेन्द्र कुमार राईलाई सोधिएकामा निजले इलाम जिल्ला, माङसेबुङ गा.पा. वडा नं. २ स्थित पुर्वमा तामा खोला, पश्चिममा पावा खोल्सा, उत्तरमा पावा गाउँ र दक्षिणमा तामा खोला यति चार किल्ला भित्रको तामा खोला भन्ने स्थानमा कटान गरेको हो । तर उक्त जग्गाको प्रमाणपुर्जा केही छैन । के कति परिमाणमा रुख कटान गरियो एकिन छैन, ठुटा बरामदी मुचुल्कामा उल्लेखित बमोजिम नै होला । उक्त ऐलानी जग्गाको छेउमा हाम्रो जग्गा रहेकोले कटान गरेको हो । उक्त जग्गा ऐलानी हो वा वन क्षेत्र हो मलाई थाहा भएन । भनि जवाफ दिएको र उक्त काठमा कुनै बैधानिक टाँचा निस्सा नलागेको र निजसँग काठ ओसारपसारको इजाजत कागज समेत नरहेको र काठ कटान गरेको जग्गा कोही कसैको नाममा दर्ता भएको प्रमाण पेश हुन नआएको र सो कुरालाई विभिन्न व्यक्तिहरूले गरिदिएको घटना विवरण कागज, प्रतिवादीको बयान, विना टाँचा निस्साको काठ र काठ ओसारपसारको इजाजत कागज समेत नरहेको तथ्यहरूले उक्त काठ निजी नम्बरी जग्गाको नभई राष्ट्रिय वन क्षेत्रकै रहेको पुष्टि गर्दछ ।

९. **जिल्ला सरकारी वकिल कार्यालयको निर्णयः-** श्री जिल्ला सरकारी वकिल कार्यालय, इलामका जिल्ला न्यायाधिवक्ता श्री राजकुमार राउतले मिति २०८३/०१/२२ मा गरेको निर्णयमा माङसेबुङ सब डिभिजन वन कार्यालय, इलामबाट अनुसन्धान प्रतिवेदनसाथ पेश हुन आएको आधारमा जिल्ला माङसेबुङ गा.पा. वडा नं. २ स्थित ऐलानी बन क्षेत्रबाट मिति २०८२/१२/२२ गतेका दिन कु-काठ चिलाउने, मलातो, उत्तिस लगायतका रुखहरु कटान मुछान गरी गोलिया काठहरु ना ३ ख ६७७ नं. को ट्रकमा लोड गर्दै गर्दाको अवस्थामा टाँचा निशान नलागेका बरामदी मुचुल्कामा उल्लेखित काठ र ट्रक चालक श्याम बाबु सहनीलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि पेश गरेको भन्ने वन अधिकृत राजु खड्का समेतको जाहेरी प्रतिवेदन व्यहोरा स्थानिय जनप्रतिनिधिको रोहवरमा तयार गरिएको बरामदी मुचुल्काबाट समर्थित भएको छ। मिसिल संलग्न प्रमाण कागजातहरुबाट प्रतिवादीहरु दिपेन्द्र कुमार राई र श्याम बाबु सहनीले निस्सा छाप नलगाएका विना कागजात अवैध चिलाउने, कटुस लगायत विभिन्न जातका गोलिया काठ विगो मुल्यांकन तालिका बमोजिम बरामद ठुटाबाट कायम भएको जम्मा ९३६ क्यू. फिट को विगो मुल्य रु.१,७३,२००/- बराबरको वन पैदावार राष्ट्रिय बनबाट काटी बिक्रि वितरण गर्न ओसार पसार गरी हानी नोक्सानी पुर्याएको पुष्टि भएकोले प्रतिवादीहरु दिपेन्द्र कुमार राई र श्याम बाबु सहनी उपर वन ऐन, २०७६ को दफा ४९ (च) र (छ) बमोजिमको कार्य कसूरमा सोही ऐनको दफा ५०(६) (ङ) बमोजिम सजाय गरी बरामद वन पैदावर सोही ऐनको दफा ५०(६) बमोजिम जफत गरिपाउन, बरामद बोझबाहक ना ३ ख ६७७ नं. को ट्रक सोही ऐनको दफा ६८(१) बमोजिम जफत गरिपाउन

मागदावी लिई वारदातमा प्रयोग भएको बोझवाहक ना ३ ख ६७७ नं. को ट्रकको स्वामित्व हालसम्म प्रतिवादी सुनिल श्रेष्ठकै रहेको यातायात व्यवस्था कार्यालय, बीरगजं पर्साको पत्रबाट खुली आएको देखिँदा उक्त बोझबाहक जफत गर्ने प्रयोजनार्थ निज सुनिल श्रेष्ठलाई समेत प्रतिवादी कायम गरी डिभिजन वन कार्यालय, इलाममा मुद्दा चलाउने निर्णय गरियो। प्रस्तुत वारदातमा अन्य कोही कसैको संलग्नता खुली आए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दावी लिईने व्यहोरा समेत अभियोग पत्रमा उल्लेख गरी निर्णयानुसार गर्न निर्णयको प्रतिलिपि सहित प्राप्त सक्कल मिसिल सम्बन्धित वन कार्यालयमा फिर्ता पठाईदिनु।

१०. **अभियोग मागदावीः-** मिति २०८२/१२/२२ गते प्रतिवादीहरु दिपेन्द्र कुमार राई र श्याम बाबु सहनीले निस्सा छाप नलगाएका विना कागजात अवैध चिलाउने, कटुस लगायत विभिन्न जातका गोलिया काठ विगो मुल्यांकन तालिका बमोजिम बरामद ठुटाबाट कायम भएको जम्मा ९३६ क्यू. फिट को विगो मुल्य रु.१,७३,२००/- बराबरको वन पैदावार राष्ट्रिय बनबाट काटी बिक्रि वितरण गर्न ओसार पसार गरी हानी नोक्सानी पुर्याएको साथै प्रतिवादी सुनिल श्रेष्ठले आफ्नो नाममा दर्ता रहेको ना ३ ख ६७७नं. को ट्रक नामसारी नगरी सामान्य घरायसी कागज गरी प्रतिवादी श्यामबाबु सहनीलाई प्रयोग गर्न दिंदा सो अवैध रुपमा वन पैदावार ओसारपसार गर्ने कार्यमा सहयोग पुगेको देखिंदा निज प्रतिवादीहरु दिपेन्द्र कुमार राई, श्याम बाबु सहनी र सुनिल श्रेष्ठलाई लाई वन ऐन, २०७६ को दफा ४९(च) र (छ) को कसुर अपराधमा सोही ऐनको दफा ५०(६) (ङ) बमोजिम सजाय गरी बरामद काठ वन ऐन २०७६ को दफा ५०(६) बमोजिम जफत गरी बरामद बोझबाहक ना ३ ख ६७७ नम्बरको ट्रक थान १ (एक) सोही ऐनको दफा ६८(१) बमोजिम जफत गरि र बरामद काठ नरम प्रजातीको काठ भएकोले चाडै सडि गलि जाने भएको हुँदा सोही ऐनको दफा ६५(१) बमोजिम लिलाम बिक्री गर्ने आदेश समेत गरि पाउँ भन्ने मागदावी सहित वादी नेपाल सरकारको तर्फबाट दायर भएको अभियोग पत्र।

११. <u>प्रतिवादी श्यामबाबु सहनीले यस कार्यालयमा इजलाश समक्ष गरेको बयानः-</u> म ढुवानी व्यवसाय गर्ने मानिस भएको हुदाँ मलाइ प्रतिवादी मध्येका दिपेन्द्रकुमार राईले म सँग पुर्जी भएको काठ छ। तामाखोला छेउमा भएको २८ थान गोलिया लोड गर्दै गर्नु भनेका कारण उक्त काठहरु निज प्रतिवादी दिपेन्द्रकुमार राइका मजदुरहरुले लोड गर्दै गर्दा निजहरु भागिगएको अवस्थामा म पक्राउ परेको हुँ। बरामदीत गाडि सुनिल श्रेष्ठको नाममा दर्ता कायम भएपनि मैले निजसँग खरिद गरिसकेको तर मैले निजलाइ भुक्तान गर्नुपर्ने रकम सबै तिर्न नसकेको हुदाँ मेरो नाममा नामसारी हुन बाँकी रहेको छ। अभियोग दावी बमोजिमको कसूर मैले गरेको नहुदाँ मलाइ सजाय पाउनुपर्ने होइन भनी यस कार्यालयमा गरेको बयान।

१२. <u>प्रतिवादी सुनिल श्रेष्ठले यस कार्यालयमा इजलाश समक्ष गरेको बयानः-</u> मेरा नाममा दर्ता कायम रहेको ना.३ ख ६७७ नम्बरको ट्रक मैले १०५१०००/* मूल्याङ्कन कायम गरी श्यामबाबु सहनीलाइ बिक्रि वितरण गरेकोमा रु.७५१०००/- नगदै बुझिलिइ बाँकी रकम निजले भुक्तान गर्न बाँकी रहेकोमा मैले निजलाइ ताकेता गर्दा समेत उक्त रकम प्राप्त गर्न नसकेको कारण उक्त ट्रक निजको नाममा नामसारी गर्न बाँकी रहेको थियो। मैले श्यामबाबु सहनीलाइ घरायसी कागज गरी बिक्रि वितरण गरेको ट्रक निजले गैह्र कानुनी काममा प्रयोग गरे नगरेको बारेमा मेरो कुनै संलग्नता

छैन। अभियोग दावी बमोजिमको कसूर मैले गरेको नहुदाँ मलाइ संजाय पाउनुपर्ने होइन भनी प्रतिवादी सुनिल श्रेष्ठले यस कार्यालयमा गरेको बयान।

१३. <u>प्रतिवादी दिपेन्द्र कुमार राईले यस कार्यालयमा इजलाश समक्ष गरेको बयानः-</u> इलाम जिल्ला, माङसेबुङ गा.पा. वडा नं. २ स्थित पुर्वमा तामा खोला, पश्चिममा पावा खोल्सा, उत्तरमा पावा गाउँ र दक्षिणमा तामा खोला यति चार किल्ला भित्रको तामा खोला भन्ने ठाउँमा चिलाउने उत्तिस कटुस समेत बिभिन्न जातको गोलिया काठ कटान, संकलन तथा लोड मैले नै गराएको हुँ । मैले राम्रो काठहरु जिल्ला झापा दमक न.पा.मा बेचबिखन गर्न तथा अन्य काठहरु डेरी फर्ममा प्रयोग गर्नका लागि कटान गरेको हुँ। मिति २०८२/१२/२२ मा माङमालुङ राष्ट्रिय बन क्षेत्रको तावाखोला क्षेत्रमा काटिएका रुखहरु ऐलानी वा राष्ट्रिय बन अन्तर्गतका हुन भन्नेबारेमा मलाई थाहा जानकारी थिएन। नियन्त्रणमा लिएको ना ३ ख ६७७ नम्बरको ट्रकमा पहिले देखि टाँचा मार्का भएका काठहरु खरिद गरी बिक्रि वितरण गर्ने गरेकोमा उल्लेखित तावा खोला क्षेत्रमा काठको टाँचा मार्काको इजाजत लिइ बिक्रि वितरण गर्न सकिन्छ की भनी अनुमान गरी सह अभियुक्त श्यामवावु सहनीलाई उल्लेखित काठको टाँचा मार्का भएको हो लोड गर्नु भनी भनेको थिए। उल्लेखित अवैध काठको ओसारपसार गर्ने कार्यमा म बाहेक अन्य कोही कसैको संलग्नता रहेको छैन भन्ने समेत बेहाराको प्रतिवादी दिपेन्द्रकुमार राईले यस कार्यालयमा गरेको बयान।

१४. <u>थुनछेक आदेशः-</u> पछि थप प्रमाण बुझ्दै जादाँ ठहरे बमोजिम हुने हुदाँ हाललाई प्रतिवादी दिपेन्द्रकुमार राईबाट वन ऐन, २०७६ को दफा ६६(२) बमोजिम रू.२,८२,७००।-(अक्षरेपीः दुई लाख बयासी हजार सातसय रूपैंया), प्रतिवादी श्यामबाबु सहनीबाट १,४१,३५०/- वा सो बराबरको धरौटी माग गरिदिएको छ। माग बमोजिमको धरौटी दिन नसके कारण सहितको थुनुवा पूर्जी दिई थुनामा राख्नको लागि सम्बन्धित कारागार कार्यालय पठाइदिनु प्रतिवादी सुनिल श्रेष्ठको हकमा साधारण तारेखमा राख्नु भन्ने आदेश भएकोमा माग बमोजिमको धरौट रकम दाखेल गरी प्रतिवादीहरु दिपेन्द्रकुमार राई र श्याम बाबु सहनी धरौटीमा तथा प्रतिवादी सुनिल श्रेष्ठ आदेश बमोजिमको साधारण तारेखमा रहेको।

१५. प्रस्तुत मुद्दामा प्रतिवादी चुक्ता भइसकेको र प्रतिवादीहरुले साक्षी समेत राखेको नदेखिदा वादी नेपाल सरकारका साक्षी बुझि पेश गर्नु भन्ने साक्षी परीक्षणका लागि आदेश भएकोमा आदेश बमोजिम वादी नेपाल सरकारका साक्षीहरुको बकपत्र भई मिसिल संलग्न रहेको।

१६. <u>बरामदी मुचुल्का कागज गर्ने हरी राईको बकपत्रः-</u> मिति २०८२/१२/२२ माङसेवुङ गा.पा.स्थित पूर्वमा तामाखोला, पश्चिममा पावा खोल्सा, उत्तरमा पावा खोल्सा र दक्षिणमा तामाखोला क्षेत्र भित्रको चारकिल्ला भित्रको वन क्षेत्रभित्रबाट काठ ट्रकमा लोड गरिरहेको अवस्थामा प्रतिवादीहरुलाइ पक्राउ गरेको हो। मिति २०८२/१२/२२ गतेको बरामदी मुचुल्का कागजको ब्यहोरा तथा सहिछाप समेत मेरै हो भन्ने बेहोराको हरी राईले यस कार्यालयमा गरेको बकपत्र।

१७. <u>घटना विवरण कागज गर्ने कमल बहादुर कार्कीको बकपत्रः-</u> प्रतिवेदक तथा प्रतिवादीहरुलाइ समेत चिन्दछु। मिति २०८२/१२/२२ गते माङसेबुङ गा.पा.को वन क्षेत्रबाट कुकाठ जातका रुखहरु ट्रकमा लोडगर्दै गरेको अवस्थामा बरामद गरेको हो। मिति २०८३/०१/१३ गतेको घटना

विवरण कागजको ब्यहोरा तथा सहिछाप समेत मेरै हो भन्ने कमल बहादुर कार्कीले यस कार्यालयमा गरेको बकपत्र।

## ठहर खण्ड

१८. नियम बमोजिम पेसी सूचीमा चढी पेस भएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेर्दा अभियोग पत्रमा प्रतिवादीहरु दिपेन्द्र कुमार, राई, श्याम बाबु सहनी तथा सुनिल श्रेष्ठ समेत लाई वन ऐन, २०७६ को दफा ४९(च) र (छ) को कसुर अपराधमा सोही ऐनको दफा ५०(६) (ङ) बमोजिम सजाय गरी बरामद काठ वन ऐन २०७६ को दफा ५०(६) बमोजिम जफत गरी बरामद बोझबाहक ना ३ ख ६७७ नम्बरको ट्रक थान १ (एक) सोही ऐनको दफा ६८(१) बमोजिम जफत गरि माग दावी लिइ मुद्दा दायर भएको देखिन्छ भन्ने सरकारी बकिलको राय निकासामा प्रतिवादीहरु दिपेन्द्र कुमार राई र श्याम बाबु सहनी उपर वन ऐन, २०७६ को दफा ४९ (च) र (छ) बमोजिमको कार्य कसूरमा सोही ऐनको दफा ५०(६) (ङ) बमोजिम सजाय गरी बरामद वन पैदावर सोही ऐनको दफा ५०(६) बमोजिम जफत गरिपाउन, र बरामद बोझबाहक ना ३ ख ६७७ नं. को ट्रक सोही ऐनको दफा ६८(१) बमोजिम जफत गरिपाउन मागदाबी लिई वारदातमा प्रयोग भएको बोझबाहक ना ३ ख ६७७ नं. को ट्रकको स्वामित्व हालसम्म प्रतिवादी सुनिल श्रेष्ठकै रहेको यातायात व्यवस्था कार्यालय, बीरगजं पर्साको पत्रबाट खुली आएको देखिँदा उक्त बोझबाहक जफत गर्ने प्रयोजनार्थ निज सुनिल श्रेष्ठलाई समेत प्रतिवादी कायम गरी डिभिजन बन कार्यालय, इलाममा मुद्दा चलाउने निर्णय भएको देखिन्छ । सँलग्न मिसिलको अध्ययन विश्लेषण गर्दा प्रतिवादी सुनिल श्रेष्ठको हकमा मिसिलमा सँलग्न कागजातहरु र निज स्वयं इजलासमा उपस्थित भइ गरेको वयानवाट तथा अन्य प्रतिवादीहरु र साक्षीहरु समेतवाट सोधपुछ गर्दा उक्त काठ ओसारपसार गर्ने कार्यमा निजको संलग्नता रहेको वा जानीजानी यस वारदातमा सघाउ पुरयाएको पुष्टि हुने आधार र प्रमाण देखिदैन साथै सरकारी बकिलको राय निकासामा समेत निजलाई सवारी जफत प्रयोजनका लागि प्रतिवादी वनाइएको देखिदा निजलाई अवैध वन पैदावर हानी नोक्सानीमा सँलग्न रहेको कसुर सम्वन्धमा सजायका लागि निर्णय नगरी सवारी साधन जफत गर्ने प्रयोजनका लागि इन्साफ गर्नुपर्ने देखिन्छ भन्ने प्रतिवादीहरु दिपेन्द्र कुमार राई र श्यामवाबु सहनीको हकमा विचार गर्दा प्रतिवादि दिपेन्द्रकुमार राईले आफुले नै अवैध रुपमा वन पैदावार काटेको भनी पूर्ण रुपमा स्वीकारोती गरी साविती गरेको देखिन्छ भने प्रतिवादी श्याम वाबु सहनीले मलाइ टाँचा मार्का लगाएको र छोडपूर्जी भएको काठ हो भनी झुक्याएर निजका मजदुरले मेरो गाडीमा काठ ढुवानी गरी निर्धारित ठाँउमा पुर्याउनका लागि लोड गरेको हो र वारदातमा मेरो संलग्नता रहेको नहुदाँ अवैध वन पैदावर हानी नोक्सानी गरेको मुद्दामा सफाइ पाउने ठहरी फैसला होस भनी गर्नु भएको जिकिरसमेत सुनी प्रतिवादीहरुले अभियोग दावीबमोजिमको कसूर गरेका हुन् वा होइनन्? सजाय हुनुपर्ने हो, होईन? तथा वरामद ट्रक जफत हुनुपर्ने हो, होईन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

१९. वारदातमा प्रयोग भएको बोझबाहक ना ३ ख ६७७ नं. को ट्रक प्रतिवादी सुनिल श्रेष्ठले आफ्नै नाममा दर्ता रहेको भनी स्वीकार गरेको र उक्त ना ३ ख ६७७ नं. को ट्रक नामसारी नगरी सामान्य घरायसी कागज गरी प्रतिवादी श्यामबाबु सहनीलाई विक्री गरेको दावी गरे तापनि सो

घरायसी लिखत कागजात वारदात पश्चात आफु कसुरवाट जोगिन मिति २०८३।०१।२१ मा दमक नगरपालिका वडा नं. ८ वाट प्रमाणित भएको देखिन्छ । सो ट्रकको स्वामित्व हालसम्म प्रतिवादी सुनिल श्रेष्ठकै रहेको यातायात व्यवस्था कार्यालय, बीरगजं पर्साको च.नं. २०९९ मिति २०८३।०१।१७ को पत्रवाट देखिन्छ । अत : निजले इन्कारी गरेतापनि कानुनी रुपमा उक्त सवारी साधन प्रतिवादी सुनिल श्रेष्ठ कै रहेको पुष्टि हुन्छ।

२०. माङ्सेबुङ सब- डिभिजन वन कार्यालय चतुरे, ईलामका कर्मचारीहरु र प्रहरी चौकी इभाङका कर्मचारीहरुले ईलाम जिल्ला माङ्सेबुङ गा.पा. वडा नं.२ ,स्थित पूर्वः तामाखोला, पश्चिमः पावाँ खोल्सा, उत्तरः पावाँ गाउँ र दक्षिणः तामा खोला यति चार किल्ला भित्रको ऐलानी वन क्षेत्रबाट कु-काठ चिलाउने, मलातो, उत्तिस लगाएतका रुखहरु कटान मुछान गरी ना ३ ख ६७७ नम्बरको ट्रकमा विभिन्न जातका गोलिया थान २७५ को परिमाण ४२२.३२ क्यु.फि. मध्ये गोलिया काठ थान-२८ को परिमाण २७.६० क्यु.फि. काठ अवैध रुपमा लोड गरिरहेको अवस्थामा नियन्त्रणमा लिई गोलिया थान २७५ को परिमाण ४२२.३२ काठ तथा ट्रक समेत बरामद गरी सो ना ३ ख ६७७ नम्वरको ट्रकका चालक श्याम बाबु सहनी समेत पक्राउ गरि दाखेल गरेको भन्ने बरामदी मुचुल्का र सोही बमोजिमको प्रतिवेदनबाट उठान भएको प्रस्तुत मुद्दामा बरामदी मुचुल्का कागज गर्ने मानिस तथा घटना विवरण कागज गर्ने मानिस समेतले यस कार्यालयमा उपस्थित भइ बकपत्र गर्दा बरामदी मुचुल्का तथा मौकाको घटना विवरण कागज समर्थित हुने गरी बकपत्र गरेकोले उक्त हानीनोक्सानी वन क्षेत्रमा नै भएको देखिन्छ। बरामदीत ४२२.३२ क्यु.फिट काठको ठुटाबाट हुने मूल्यांकन जम्मा ९३६.०० क्यू.फि. को हुने कुल विगो मूल्यांकन रु. १,७३,२००/- रहेको भन्ने सव डिभिजन वन कार्यालयको बिगो मुल्याङ्कन पत्र मिसिल संलग्न रहेको देखिएको छ।

२१. प्रतिवादी दिपेन्द्रकुमार राईले मौकाको क्रममा अनुसन्धान अधिकारी तथा यस कार्यालयमा उपस्थित भई बयान गर्दा नियन्त्रणमा लिएको ना ३ ख ६७७ नम्बरको ट्रकमा पहिले देखि टाँचा मार्का भएका काठहरु खरिद गरी बिक्रि वितरण गर्ने गरेकोमा उल्लेखित तावाखोला क्षेत्रमा काठको टाँचा मार्काको इजाजत लिइ बिक्रि वितरण गर्न सकिन्छ की भनी विश्वासमा परि सह अभियुक्त श्यामवाबु सहनीलाई उल्लेखित काठको टाँचा मार्का भएको हो र छोडपूर्जी छ, लोड गर्नु भनी भनेको थिए। अवैध काठको ओसारपसार गर्ने कार्यमा म बाहेक अन्य कोही कसैको संलग्नता रहेको छैन भनी पूर्ण रुपमा अपराध स्वीकारोती गरी सावित बयान गरेको साथै प्रतिवादी श्याम बाबु सहनीलाई समेत झुक्याई उक्त कार्य गराएको देखिन्छ । प्रतिवादी श्याम बाबु सहनीले बयान गर्दा म ढुवानी व्यवसाय गर्ने मानिस भएको हुदाँ प्रतिवादी मध्येका दिपेन्द्रकुमार राईले म सँग पुर्जी भएको काठ भएको हुनाले गोलिया लोड गर्दै गर्नु भनेका कारण उक्त काठहरु लोड गर्दै गर्दा पक्राउ परेको हुँ। बरामदीत गाडि सुनिल श्रेष्ठको नाममा दर्ता कायम भएपनि मैले निजसँग खरिद गरिसकेको तर मैले निजलाइ भुक्तान गर्नुपर्ने रकम सबै तिर्न नसकेको हुदाँ मेरो नाममा नामसारी हुन बाँकी रहेको छ भनी कसूरमा आंशिक सावित रही बयान लेखाएको देखिन्छ भने प्रतिवादी सुनिल श्रेष्ठले मौकाको क्रममा तथा यस कार्यालयमा उपस्थित भइ बयान गर्दा समेत कसूरमा इन्कार रही बयान बेहोरा लेखाएको देखिन्छ।साक्षी परिक्षणबाट समेत निजको काठ ओसार पसारमा प्रत्यक्ष संलग्नता रहेको देखिएन ।

२२. निर्णयतर्फ विचार गर्दा, श्री माङ्सेबुङ सव- डिभिजन वन कार्यालयको ऐलानी वन क्षेत्रबाट ना ३ ख ६७७ नम्बरको ट्रकमा विभिन्न जातका गोलिया थान २७५ को परिमाण ४२२.३२ क्यु.फि. काठ तथा ट्रक समेत बरामद गरी सो ना ३ ख ६७७ नम्बरको ट्रकका चालक श्याम बाबु सहनी समेत पक्राउ गरी काठ तथा बोझबाहक बरामद गरेको देखिएको, प्रतिवेदक वन अधिकृत राजु खड्का, बरामदी मुचुल्काका हरी राई र घटना विवरण कागजका कमल बहादुर कार्की ले प्रतिवादी दिपेन्द्रकुमार राई उपरको दावी समर्थन गरी बकपत्र गरेको, प्रतिवादी दिपेन्द्र कुमार राईले टाँचा मार्का नभएका काठहरु बिक्रि गर्ने प्रयोजनका लागि प्रतिवादी श्याम बाबु सहनीलाई झुक्याई लोड गर्न लगाएको हुँ, उक्त लोड गर्ने प्रयोजनका लागि प्रतिवादी श्यामबाबु सहनीलाइ मैले अनुमति लिएको तथा टाचा मार्का भएका हुन भनी भनेको थिए भनेर बयान गरेको, प्रतिवादी श्यामबाबु सहनीले मौकामा तथा यस कार्यालयमा उपस्थित भइ बयान गर्दा मलाइ प्रतिवादी दिपेन्द्रकुमार राईले उक्त काठहरुको पुर्जी भएको भनेको हुनाले ढुवानी गर्नका लागि मात्र गएको भनी भनेकोमा स्पष्टरुपमा यस वारदातका मुख्य अभियुक्त प्रतिवादी दिपेन्द्र कुमार राई रहेको पुष्टि हुन्छ । प्रतिवादी श्यामबाबु सहनीले मलाई प्रतिवादी दिपेन्द्र कुमार राईले झुक्याई काठ लोड गराएको भने तापनि निजले निजको इन्कारी बयानलाइ समर्थन गर्न पुष्टि हुने आधार र प्रमाण नरेको तथा निजले साक्षी समेत राखेको नदेखिएको, वन क्षेत्रबाट काठहरुको ढुवानी गर्नका लागि छोडपुर्जी चाहिन्छ भन्ने सामान्य ज्ञान हुनुपर्नेमा उक्त पुर्जा तथा काठहरुमा टाँचा मार्का समेत नहेरी लोड गर्न दिएको देखिएको, समेतका आधार प्रमाणहरुबाट निजले समेत वारदातमा कसुर गर्न सहयोग पुर्याई मिलेमतो गरेको देखिन्छ । अतः प्रतिवादी दिपेन्द्र कुमार राई र प्रतिवादी श्याम कुमार सहनीले अभियोग दाबी बमोजिम वन ऐन, २०७६ को दफा ४९(च) र (छ) को कसुर गरेको ठहर्छ । सो कसुर वापत सजाय तर्फ विचार गर्दा प्रतिवादी दिपेन्द्र कुमार राई मुख्य अभियुक्तको रुपमा वन पैदावार हानि नोक्सानी तथा ओसारपसार कार्यमा संलग्न भएको देखिएकोले निजलाई वन ऐन २०७६ को दफा ५०(६) (ङ) बमोजिम बिगो बमोजिम रू. १,७३,२००/- (अक्षरेपी रु. एक लाख त्रिहत्तर हजार दुई सय) जरिबाना हुने साथै बरामद काठ ऐ.ऐनको दफा ५०(६) बमोजिम जफत हुने ठहर्छ। प्रतिवादी श्याम बाबु सहनीले सो कसुर गर्न सहयोग पुर्याई मिलेमतो गरेको देखिएकोले निजलाई वन ऐन २०७६ को दफा ५५ बमोजिम मुख्य कसुरदारलाई हुने सजाय रू. १,७३,२००/- को आधा रकम रु. ८६,६००/- (छयासी हजार छ सय) जरिबाना हुने ठहर्छ । प्रतिवादी सुनिल श्रेष्ठको हकमा जिल्ला सरकारी वकिल कार्यालयको रायबाट निजलाई सवारी जफत प्रयोजनको लागि मात्र प्रतिवादी बनाइएको र निजको अवैध वन पैदावार ओसार पसारमा संलग्नता पुष्टि हुने आधार र प्रमाण नदेखिएकोले वन पैदावार हानि नोक्सानी गरे बापत दण्ड र सजाय गर्नुपर्ने देखिएन । वारदातमा प्रयोग भएको बोझवाहक ना ३ ख ६७७ नं. को ट्रक प्रतिवादी सुनिल श्रेष्ठको नाममा दर्ता रहेको र सो ट्रक नामसारी नगरी सामान्य घरायसी कागज गरी प्रतिवादी श्यामबाबु सहनीलाई प्रयोग गर्न दिएको दावी गरे तापनि यस घटनावाट जोगिनकालागि सो कागजात वारदात पश्चात दमक नगरपालिका वडा नं. ८ बाट मिति २०८३।०१।२१ मा प्रमाणित भएको देखिएकोले सो ट्रकको सवारी धनी सुनिल श्रेष्ठ रहेको पुष्टि हुन्छ। निजको वारदातमा कसुर नदेखिएको साथै जानी जानी कसुरदारहरुलाई सघाउ पुग्ने हिसावले आफ्नो ट्रक यस वारदातमा

प्रयोग गर्न दिएको वा वारदातमा सहयोग गरेको भन्ने मिसिलमा संलग्न प्रमाण कागजबाट पुष्टी हुने आधार र प्रमाण नदेखिदा वन ऐन २०७६ को दफा ६८(१) बमोजिम बोझबाहक जफत गरि पाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दावी पुष्टी हुने आधार नदेखिदा वन ऐन, २०७६ को दफा ६८(३) बमोजिम सवारी साधन जफत नगरी निजलाई सवारी फिर्ता गरी निजको सवारी प्रयोग भएको हुनाले निजलाई समेत रु. ५०,०००/- जरिबाना हुने ठहर्छ । सो ठहर्नाले अरुमा तपसीलमा लेखिए बमोजिम गर्ने गरी मुलुकी फौजदारी कार्यविधी संहिता २०७४ को दफा १३१ बमोजिम प्रस्तुत मुद्दा फैसला गरी दिएँ।

## तपसिल खण्ड

- माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी दिपेन्द्र कुमार राईलाई रु. १,७३,२००/- (अक्षरेपी रु. एक लाख त्रिहत्तर हजार दुई सय) जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी मिति २०८३/०१/०९ गते पक्राउ परी डिभिजन वन कार्यालयको हिरासतमा रही यस कार्यालयको मिति २०८३/०१/२३ गतेको आदेशानुसार माग भएको धरौटी रकम नेपाल बैङ्क लिमिटेडको भौचर नं. ६८३२६९ मिति २०८३।०१।२३ मा रू २,८२,७००।- राखी तारेखमा छुटेको देखिँदा थुनामा बसेको अवधी ०-०-१४ (चौध दिन) बापत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दिनको रु. ३००/- का दरले रु. ४,२००/-(चार हजार दुई सय) कट्टा गरि बाँकी जरिवाना रु. १,६९,०००/- (एक लाख उन्सत्तरी हजार) को हकमा निजले यस कार्यालयको आदेश बमोजिम दाखिला गरेको धरौटी रकमबाट कट्टा गरि बाँकी धरौटी रु. १,१३,७००/- (एक लाख तेह हजार सात सय) फिर्ता माग्न आए मुद्दा अन्तिम किनारा भएपछि नियमानुसार फिर्ता दिनूहोला.........................................................................१
- माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी श्यामबाबु सहनी लाई रू. ८६,६००।- (छयासी हजार छ सय) जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादी मिति २०८२/१२/२२ गते पक्राउ परी डिभिजन वन कार्यालयको हिरासतमा रही यस कार्यालयको मिति २०८३/०१/२३ गतेको आदेशानुसार माग भएको धरौटी रकम नेपाल बैङ्क लिमिटेडको भौचर नं. ६८३२७० मिति २०८३।०१।२३ मा रू १,४१,३५०।- राखी तारेखमा छुटेको देखिँदा थुनामा बसेको अवधी ०-१-१ (एक महिना एक दिन) बापत मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम दिनको ३००/- का दरले रु. ९,३००/-(नौ हजार तिन सय) कट्टा गरि बाँकी जरिवाना रु. ७७,३००/- (सतहतर हजार तीन सय)को हकमा निजले यस कार्यालयको आदेश बमोजिम दाखेल गरेको धरौटी रकमबाट कट्टा गरि बाँकी धरौटी रु. ६४,०५०- (चौसठ्ठी हजार पचास) फिर्ता माग्न आए मुद्दा अन्तिम किनारा भएपछि नियमानुसार फिर्ता दिनूहोला.........................................................................२
- माथी ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादी सुनिल श्रेष्ठलाई रू. ५००००।- (पचास हजार) जरिवाना हुने ठहरी फैसला भएकोमा निज प्रतिवादीको नाममा सो रकम बराबरको लगत राखी असूल गर्नुहोला र सवारी साधनको हकमा फिर्ता मागेमा मुद्दाको अन्तिम किनारामा फैसला भए बमोजिम हुने गरी हाललाई शर्तनामा सहित कार्यालयले खोजेको वखत चालु हालतमा बुझाउने गरी

जिम्मा जमानीको कागज गराई बरामदित ना. ३ ख ६७७ नं. को ट्रक फिर्ता दिन चुलाचुली सब डिभिजन वन कार्यालयलाई पत्राचार गर्नुहोला .......................................................३

- माथि ठहर खण्डमा लेखिए बमोजिम बरामद काठ जफत हुने ठहरेकाले उक्त बरामदी काठ सब डिभिजन वन कार्यालय चुलाचुलीमा सुरक्षित राखेको देखिंदा उक्त बरामद काठ कानूनको प्रक्रिया पुरा गरी यथासिघ्र लिलाम गरी आएको रकम धरौटी खातामा राखी प्रस्तुत मुद्दाको अन्तिम किनारा भएपछि राजश्वमा आम्दानी बाँध्नुहोला .......................................................४
- प्रस्तुत फैसलामा चित्त नबुझे प्रतिवादीहरु दिपेन्द्र कुमार राई, श्यामबाबु सहनी र सुनिल श्रेष्ठले वन ऐन, २०७६ को दफा ६७(४) बमोजिम निर्णयको सूचना पाएको ३५ दिन भित्र जिल्ला अदालत इलाममा पुनरावेदन गर्न सक्नेनै हुदाँ निज प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिइ भर्पाइ मिसिल सामेल राख्नुहोला.......................................................५
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १३२(४) बमोजिम फैसलाको जानकारी तथा वन ऐन, २०७६ को दफा ६७(४) बमोजिम पुनरावेदनको म्याद समेत जिल्ला सरकारी वकिल कार्यालय, इलामलाई दिनुहोला.......................................................६
- प्रस्तुत मुद्दाको फैसलाको विवरण सहितको सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरी आफ्नो वेवसाइटमा समेत राख्नुहोला.......................................................७
- सरोकारवालाले नक्कल मागे नियमानुसार नक्कल दिनुहोला.......................................................८
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी अभिलेख राख्नुहोला .......................................................९

२०८३।३।२६

वीरेन्द्र साह
डिभिजनल वन अधिकृत

फैसला तयार गर्न सहयोग पुर्याउने
अधिकृत छैठौं लिला बहादुर विष्ट
फैसला मितिः २०८३।०३।२६।६
फैसला प्रमाणीकरण भएको मितिः२०८३।०३।२६।

कार्यालयको छाप